संख्या १

आर्थिक ऐन, २०८३

(गाउँसभाबाट स्वीकृत मितिः २०८३।०३।१०.)

नवदुर्गा गाउँपालिकाडडेल्धुरा
सुदूरपश्चिम प्रदेश
नेपाल

सभाबाट स्वीकृत मितिः २०८३.०३.१०

**प्रस्तावनाः**

नवदुर्गा गाउँपालिकाको आर्थिकवर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नवदुर्गा गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ र यो ऐन २०८३ साल श्रावण १ गतेदेखि नवदुर्गा गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति मुल्यांकन दस्तुर, घर निर्माण नक्सापास, मालपोत र घर कर लगाइनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय शुल्क लगाइनेछ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भए सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (५) वमोजिम विज्ञान कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भए सो कानुनमा अन्यथा व्यवस्थाभएको, अवस्थामा सोहि वमोजिम हुनेछ ।

७. **मनोरञ्जन करः** गाउँपालिकाक्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (६) वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरनेछ । तर, प्रदेश कानुन स्वीकृत भए सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) वमोजिम पार्किङ शुल्क लगाइनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मंजलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

९. सेवा शुल्क तथा सिफारिस दस्तुरः गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ ।

१०.बन उत्पादन जडीबुटी,कवाडी र जीवतन्तु कर:यो ऐनमा भएको व्यवस्था अनुसार बन उत्पादन जडीबुटी,कवाडी र जीवजन्तु कर सकलन सम्बन्धिअनुसूचि (९) बमोजिम कर लगाइनेछ ।

११. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलार्य कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसुची १

(दफा २ संग सम्बन्धित)

सम्पति कर

यस गाउँपालिकाबाट सम्पती मूल्याङ्कन दस्तूर, घर निर्माण नक्सापास दस्तुर र घर कर दस्तुर लगायतकादस्तुर निम्न बमोजिम लिइनेछ ।

क) सम्पति मूल्यांकन दस्तूर मुल्यांकन प्रतिलाखमारु ५००का दरले लिने ।

ख) घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

- निवेदन फाराम रु.१०० लिने ।
- ढलान गरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु.१, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रु.०.५ र माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट रु.०.२५ नक्सापास दस्तुर लिने ।
- नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रु.१००दस्तुर लिने ।
- साविक धरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १०० दस्तूर लिने ।
- नक्सापास सम्वन्धी कार्य सम्पन्न प्रमाण पत्रको रु. १०० र पास भएको नक्साको रु.२५० दस्तूरलिई प्रतिलिपी दिने ।

ग)मालपोत/ घर कर

- प्रति रोपनी रु १० (२० रोपनी सम्म)
- प्रति रोपनी रु १५ (२१ रोपनी देखी माथी)
- घर कर पक्की रु १००
- घर कर कच्ची रु ५०

उल्लेखित प्रकरण अन्तर्गत व्यवसायिक प्रयोजनका लागि भएमा दोब्बर शुल्क तिर्नु पर्नेछ र जरिवाना बक्यौता रकमको १० प्रतिशतका दरले असुल गरिनेछ।

अनुसुची २
(दफा ३ संग सम्बन्धित)
घरवहाल कर

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको नेपाल सरकारलाई कानुन बमोजिम १० प्रतिशत कर वहालकर तिरेको खण्डमा निशुल्क अन्यथा यस कानुन बमोजिम १० प्रतिशत कर तिर्नु पर्ने छ ।

अनुसुची ३
(दफा ४ संग सम्वन्धित)
व्यवसाय कर

व्यवसाय करवार्षिक रुपमा निम्न अनूसार लिईने छ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रू) | ख (रू) | ग (रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको रेष्टुरेन्ट र होटललाई (क) , लज मात्र भएको लजलाई (ख) ,चिया र खाना, नास्ता भएकोलाई (ग), १० कोठा भन्दा माथि ए.सी. भएको होटल, रेष्टुरेन्टको रु. ५५००।०० | २,५००।०० | १,५००।०० | १,०००।०० |
| २ | मासु पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• माछा बेच्नेलाइ (ग) | १,२००।०० | १,०००।०० | ५००।०० |
| ३ | लघु वित्त | २,०००।०० | | |
| ४ | डेरी व्यवसाय पसल | १,०००।०० | | |
| ५ | सून चांदी गहना पसल | ३,०००।०० | | |
| ६ | रेडियो, मोबाईल विक्री तथा मर्मत | १,०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि बिक्री तथा मर्मत . | ५००।०० | | |
| ९ | केबल टि.भि. सेवा | २,०००।०० | | |
| १० | फोटो स्टुडियो<br>• कलर ल्याबलाई (क)<br>• फोटो स्टुडियोलाई (ख) | २,०००।०० | १,०००।०० | |
| ११ | सैलुन ब्युटी पार्लर | ५००।०० | | |
| १२ | टेलरिंग | १,०००।०० | | |
| १३ | जुत्ता पसल<br>• जुत्ता सिलाई र बेच्नेलाई (क)<br>• जुत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५००।०० | २५०।०० | |
| १४ | मोटर वर्कशप<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरु मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडि मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | २,०००।०० | १,२००।०० | १,०००।०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारा प्रेसलाई (ख) | १,५००।०० | १,०००।०० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पताललाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ५,०००।०० | ४,०००।०० | ३,०००।०० |

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मनिलेक, डडेलधुरा सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १७ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु बनाउनेलाई (क)<br>• कुनै एक मात्र बनाउनेलाई (ख) | ५,०००।०० | ३,०००।०० | |
| १८ | कम्प्युटर ईन्स्टिच्युट | १,०००।०० | | |
| १९ | दाउरा डिपो | १,०००।०० | | |
| २० | पान पसल | २५०।०० | | |
| २१ | तरकारी र फलफुल पसल | १,०००।०० | | |
| २२ | चिया पसल | ५००।०० | | |
| २३ | मिलहरु<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको साधारण कुटानि पिसानी मिललाई (ख) | ३,०००।०० | २,०००।०० | |
| २४ | घ वर्गको ईजाजत<br>• नामसारी दस्तुर हकवालाको नाममा रु १,५००।००<br>• नामसारी दस्तुर हकवाला बाहेकको नाममा रु १,००००।००<br>• ठेगाना परिवर्तन दस्तुर रु १,०००।००<br>• नविकरण दस्तुर चालु आ.व.को असौज मसान्त सम्म रु ५,०००।०० | | | |
| २५ | कपडा पसल | २,०००।०० | | |
| २६ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १,५००।०० | १,०००।०० | |
| २७ | ढाका टोपि पस्मिना उद्योग | ५००।०० | | |
| २८ | चूरा धागो तथा श्रृगारका सामान पसल | १,५००।०० | | |

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भागेश्वर, डडेलधुरा सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | • थोक सहितको पसललाई(क) | | | |
| २९ | कूखुरा पालन<br>• पाँचसय भन्दा बढी कूखुरा पाल्नेलाई (क)<br>• पाँचसय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | २,५००।०० | १,५००।०० | |
| ३० | तयारी पोशाक पसल (फेन्सी पसल ) | १,०००।०० | | |
| ३१ | तयारी जुत्ता पसल पसल | १,०००।०० | | |
| ३२ | दन्त क्लिनिक | १,०००।०० | | |
| ३३ | हार्डवेयर पसल | १,५००।०० | | |
| ३४ | ईलेक्ट्रिकल पसल | १,०००।०० | | |
| ३५ | कानूनि फर्म | १,०००।०० | | |
| ३६ | साईन बोर्ड पेन्टिगं | ५००।०० | | |
| ३७ | फर्निचर एंड फर्निसिंग पसल | २,०००।०० | | |
| ३८ | स्टेशनरी पसल | १,०००।०० | | |
| ३९ | जडीबुटी खरिद बिक्री पसल | २,०००।०० | | |
| ४० | लेखापरीक्षक | १,०००।०० | | |
| ४१ | टेलिभिजन पसल | १,५००।०० | | |
| ४२ | अन्य उधोग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एक लाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १०,०००।० | ५,०००।० | ३,०००।० |
| ४३ | विज्ञापन सेवा वा एजेन्ट | १,०००।०० | | |
| ४४ | पशु वधुशाला | १,५००।०० | | |
| ४५ | अन्तराष्टिय गैर सरकारी संस्था वा(शाखा कार्यालय समेत ) | १०,०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | वित्तिय सेवा<br>• नेपाल सरकारके पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने क वर्गको बैंक (क)<br>• नेपाल सरकारके पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने ख वर्गको बैंकहरू बिमा कम्पनि (ख)<br>• ऋण तथा बचत सहकारी संस्था, मनि टान्सफर (ग) | १०,०००।०० | १५,०००।० | ३,०००।० |
| ४७ | निजि स्कुल<br>• १ देखी १० सम्मको (क)<br>• १ देखी ८ सम्मको (ख)<br>• १ देखी ५ सम्मको (ग) | १५,०००।०० | १०,०००।०० | ७,०००।०० |
| ४८ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पससललाई (ग) | २,५००।०० | १,०००।०० | ५००।०० |
| ४९ | भाडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १,५००।०० | १,०००।०० | |
| ५० | चस्मा पसल | १,०००।०० | | |
| ५१ | सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | १,०००।०० | | |
| ५२ | रेफ्रिजेरेटर मर्मत | १,०००।०० | | |
| ५३ | दुग्ध डिपो / पसल | १,०००।०० | | |
| ५४ | ब्युटि पार्लर र सैलुन | १०००।० | | |
| ५५ | सप्लायर्स | १,५००।०० | | |
| ५६ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | २०,०००।०० | | |
| ५७ | वित्तिय कारोबार बाहेक अन्य कारोबार गर्ने सहकारी संस्था | १,५००।०० | | |
| ५८ | कृषि सामग्रीको पसल /भेटेनरी सम्बन्धी पसल | १,०००।०० | | |

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ५९ | दाना उद्योग | १,५००।०० | | |
| ६० | तारजाली बनाउने उद्योग | १,५००।०० | | |
| ६१ | कृषि व्यवसाय तथा फर्म (बंगुर,माछा, गाई पालन) | १,५००।०० | | |
| ६२ | मिनरल वाटर उद्योग | ५,०००।०० | | |
| ६३ | ग्यास डिपो | १,०००।०० | | |
| ६४ | वातावरण शुल्क<br>(क) गिट्टि, बालुवा, ढुगां बापतको कर प्रति ट्रिप<br>• १० चक्के टिप्पर रु ७००<br>• मिनि ट्रक रु ५००<br>• टयाक्टर रु ३०० | प्रदेश सभाले दर निर्धारण गरेमा सोही बमोजिम हुने । | | |
| ६५ | कोल्ड ड्रिङ्स पसल | २,०००।०० | | |
| ६६ | हजाम | ५००।०० | | |
| ६७ | टेलरीङ | ५००।०० | | |
| ६८ | मेटल वर्कसप | १,०००।०० | | |
| ६९ | साईकल भाडा तथा मर्मत | ५००।०० | | |
| ७० | जग्गा विकास/ हाउजिङ्ग | १०,०००।०० | | |
| ७१ | म्यानपावर सेवा | २,५००।०० | | |
| ७२ | क्याटरीङ्ग सेवा | २,५००।०० | | |
| ७३ | मार्वल/टायर पसल | २,५००।०० | | |
| ७४ | आईस क्रिम पसल | ५००।०० | | |
| ७५ | मदिरा पसल | १०,०००।०० | | |

नोटः

१. यसमा डिलर, एजेन्ट, डिपो, सव-डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यसमा सवै आईटम मध्ये जून आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ र माथिको वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोवार र अन्य करजन्य कारोवारको स्तर हेरी वार्षिक कर लिईनेछ । सौझा सुचिका करहरुमा नेपाल सरकार, प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

२. म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पुर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असूल गरिनेछ ।

३. प्रत्येक कारोबारको प्रत्येक फर्म संचालन गरेको हुनु पर्ने छ ।

अनुसुची ४

(दफा ५ संग सम्वन्धित)

सवारी साधन कर

(क) नेपाल सरकारलाई नियमित वार्षिक कर तिरिरहेका सवारी साधनलाई यस गाउपालिकामावार्षिक कर छुट छ तर नेपाल सरकारलाई वार्षिक कर नतिरेका सवारी साधनहरुलाई भने सो लाग्ने कर मा १० प्रतिशत कर थप गरी असुल गरिनेछ ।

(ख) पटके सवारीकर निम्न अनूसार लिने ।

(ख.१) यस गाउपालिकामा प्रवेशका चालु आ.व. २०८३/०८४ देखि देहाय अनुसार पटके सवारी कर लिइनेछ ।

(ख.१.१) वस,ट्रक,टयाक्टर आदिमा रु.१००।००

(ख.१.२) अन्य सवारीमा रु. २५।००

(ख.१.३) यस गाउपालिकामा वा नेपाल सरकारलाई वार्षिक सवारी कर तिरेकासवारीसाधनमा र सरकारी तथा कुटनैतिकनियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

(ग) यस कार्यालयका सवारी साधनको भाडादर निम्न बमोजिम कायम गरिएको छ ।

व्याकहो लोडर प्रति घण्टा रु ३,२००।००

मिनि टिपर प्रति दिन रु ५,०००।००

तर उक्त साधनको लागि इन्धन खर्च स्वयं भाडा लिने पक्षले व्यहोर्नु पर्नेछ ।

अनुसुची ५

(दफा ६ सँग सम्वन्धित)

विज्ञापन कर

सार्वजनिक स्थानमा विज्ञापन वा साइन वोर्ड राखे वाफत एकमुष्ठ रु १,०००।०० कर लिइने छ । तर ठेक्काप्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी वार्षिक रुपमा विज्ञापनकर कर लिने ।

(क) होडिंगवोर्ड प्रति वर्गफिट रु. ७५।००

(ख) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रु.३०।००

अनुसुची ६

(दफा ७ संग सम्वन्धित)

मनोरन्जन कर

जादु, सर्कस, चटक मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिकाले एक दिनको रु ३००।०० का दरले कर लिने र अन्य मनोरन्जन का कार्यक्रम सम्वन्धमा गाउपालिका कर प्रशासन र मनोरन्जन संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर लिने ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भगितोक, डँडेलधुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुची ७

(दफा ८ संग सम्बन्धित)

पार्किंग शूल्क

पार्किंगशूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किंगको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकका लागि रु.१००।००, जीप भ्यानमा रु ५०।०० र मोटरसाइकल मा रु १०।०० पार्किंगशूल्क लिईने छ ।

अनुसूची ८

(दफा ०९ संग सम्बन्धित)

सेवा शुल्क तथा सिफारिस दस्तूर

गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्नबमोजिम निवेदन फारम दस्तुर र सिफारिस दस्तुर लिने ।

| क्र.स | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सिफारीस तथा दस्तुर | जग्गा/मोहीनामसारी/जग्गादर्ता /गुठी/रैकरसिफारिस | २००।०० | |
| २ | | अगिंकृत नागरीकता सिफारीस | ५००।०० | |
| ३ | | नागरीकता सिफारीस रु२००<br>नागरिकता प्रतिलिपी सिफारिस रु २५० | | |
| ४ | | विधुत जडान सिफारीस | २००।०० | |
| ५ | | धारा जडान सिफारीस | १००।०० | |
| ६ | | अपाङगता सिफारीस | | निशुल्क |
| ७ | | स्थायी वसोवास सिफारीस | ५००।०० | |
| ८ | | अस्थाई वसोवास सिफारीस | | निशुल्क |
| ९ | | जन्ममिति संशोधन सिफारीस | २००।०० | |
| १० | | व्यवसाय दर्ता सिफारीस | ७००।०० | |
| ११ | | व्यवसाय बन्द सिफारीस | २००।०० | |
| १२ | | छात्रवृती सिफारीस | | निशुल्क |
| १३ | | सरजमिन सिफारीस | ५००।०० | |
| १४ | | विपन्न असाय सिफारीस | | निशुल्क |
| १५ | | स्वास्थ्य उपचार सिफारीस | | निशुल्क |
| १६ | | जग्गा दर्ता सिफारीस | ५००।०० | |
| १७ | | व्यक्तिगत विवरण सिफारीस | १००।०० | |
| १८ | | सस्थागत विधालय सञ्चालन अनुमति | ३,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | कक्षा वृद्धि सिफारीस | | |
| १९ | | चार किल्ला प्रमाणित | ५००।०० | |
| २० | | जग्गा मुल्यांकन सिफारीस | ५००।०० | |
| २१ | | जन्ममिति प्रमाणित सिफारीस | २००।०० | |
| २२ | | घर बाटो सिफारीस | ५००।०० | |
| २३ | | अविवाहित प्रमाणीत | ५००।०० | |
| २४ | | अपुताली असियार सिफारीस | ५००।०० | |
| २५ | | जग्गा नामसारी सिफारीस | २००।०० | |
| २६ | | हकवाला सिफारिस वा प्रमाणीत | २००।०० | |
| २७ | | नावालक परिचयपत्र सिफारीस | १००।०० | |
| २८ | | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिती संशोधन सिफारीस | ३००।०० | |
| २९ | | संरक्षक सिफारीस व्यक्तिगत | १००।०० | |
| ३० | | संरक्षक सिफारीस संस्थागत | २००।०० | |
| ३१ | | जग्गा धनि पुर्जा हराएको सिफारीस | ५००।०० | |
| ३२ | | विवाह प्रमाणीत | २००।०० | |
| ३३ | | दैविक प्रकोप प्रमाणीत | | निशुल्क |
| ३४ | | नाता प्रमाणित | २५०।०० | |
| ३५ | | ग्रेड सिट प्रतिलिपी | १०० | |
| ३६ | | परिक्षा आवेदन शुल्क | ४०० | |
| ३७ | | विदेशकालागि सिफारीस(सार्क मुलुक भित्र) | ५००।०० | |
| ३८ | | विदेशका लागि सिफारीस (सार्कबाहिर) | १०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | उल्लेखित बाहेक अन्य सिफारीस तथा प्रमाणितको लागि | | ५००।०० | |
| ४० | दर्ता शुल्क तथासिफारिस | संस्था दर्ता | २,०००।०० | |
| ४१ | | खुद्रा पसल दर्ता | ५००।०० | |
| ४२ | | मेडिकल दर्ता | २,०००।०० | |
| ४३ | | पशु फर्म दर्ता | १,०००।०० | |
| ४४ | | साना तथा घरेलु उद्योग दर्ता | १,०००।०० | |
| ४५ | | मझौला उद्योग दर्ता | १,०००।०० | |
| ४६ | | ठुला उद्योग दर्ता | १,५००।०० | |
| ४७ | | होस्टेल दर्ता | १,०००।०० | |
| ४८ | | चिया नास्ता पसल दर्ता | ५००।०० | |
| ४९ | | होटल,लज तथा रेस्टुरेन्ट दर्ता | १,०००।०० | |
| ५० | | फर्निचर दर्ता | १,०००।०० | |
| ५१ | | कपडा सिलाई कटाइ दर्ता | १,०००।०० | |
| ५२ | | फेन्सि पसल दर्ता | १,०००।०० | |
| ५३ | | घ वर्ग निमार्ण ब्यवसायी दर्ता | २५,०००।०० | |
| ५४ | | कुटानि पिसानी मील दर्ता | २,०००।०० | |
| ५५ | | ढाका टोपि पस्मिना उद्योग दर्ता | ५००।०० | |
| ५६ | | डेरी ब्यवसाय दर्ता | ५००।०० | |
| ५७ | | फोटो स्टुडियो | ५००।०० | |
| ५८ | | हार्डवेयर पसल दर्ता | ५००।०० | |
| ५९ | | इलेक्ट्रोनिक पसल दर्ता | ५००।०० | |
| ६० | | फलफुल पसल दर्ता | ५००।०० | |
| ६१ | | सैलुन र ब्युटी पार्लर दर्ता | ५००।०० | |
| ६२ | | मनि ट्रान्सफर दर्ता | १०००।०० | |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ६३ | | विमा कम्पनि दर्ता | १०००।०० | |
| ६४ | | उजुरी दर्ता | ३००।०० | |
| ६५ | विवाह दर्ता | ३५ दिन भित्र भए निशुल्क अन्यथा | दर्ता २००।०० र प्रतिलितपि शुल्क ५००।०० | |
| ६६ | सबन्ध विच्छेद दर्ता | ३५ दिन भित्र भए निशुल्क अन्यथा | दर्ता २००।०० र प्रतिलितपि शुल्क ५००।०० | |
| ६७ | जन्मदर्ता | ३५ दिन भित्र भए निशुल्क अन्यथा | दर्ता २००।०० र प्रतिलितपि शुल्क ५००।०० | |
| ६८ | मृत्युदर्ता | ३५ दिन भित्र भए निशुल्क अन्यथा | दर्ता २००।०० र प्रतिलितपि शुल्क ५००।०० | |
| ६९ | बसाइसराई दर्ता | ३५ दिन भित्र भए निशुल्क अन्यथा | दर्ता २००।०० र प्रतिलितपि शुल्क ५००।०० | |
| ७० | हेमस्टे दर्ता | | ५००।०० | |
| ७१ | हेमस्टे बन्द | | ५००।०० | |
| ७२ | योजनासम्झौता। फरफारक सिफारिस(वाह्य) | प्रतिलाख रु ५००।०० | | |
| ७३ | हल भाडा | प्रति दिन रु | १,०००।०० | |
| ७४ | मदिरा पसल दर्ता | | ५०,०००।०० | |

नोट:

१) यस गाउपालिकावाट गरिने सम्पति मुल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तुरमा थप शत प्रतिशत दस्तूर लिने ।

२) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिस र करको हकमा यस ऐन संग नबाझिने गरि कार्यपालिकाले निर्णय गरे वमोजिम हूनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेलधुरा सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची ९

(दफा १० संग सम्बन्धित)

बन उत्पादन जडीबुटी,कवाडी र जीवतन्तु कर

| सि.न. | शिर्षक | विवरण | राजश्व दर |
|---|---|---|---|
| १ | वनउत्पादन, जडिबुटी र कवाडी | सल्ला खोटो | रु २ प्रति केजी |
| २ | काठ निकासी सल्ला | आवादी | रु ५ प्रति क्युफीट |
| | काठ निकासी सल्ला | सामुदायिक। सरकारी | रु १० प्रति क्युफीट |

नोट:निकासि दस्तुरजिवजन्तु कर भैंसी/राँगा प्रतिगोटा रु ५०० र बाखा/वोका प्रतिगोटा २० का दरले निकासि दस्तुर लिइनेछ ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय